# बडीकेदार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खड्ग्यौली, डोटी
## ७ नं प्रदेश, नेपाल

पत्र संख्या:- ०७४।७५
चलानी नं:- ९६४

मिति: २०७४।०७।२०

**बिषय : सुचना –सुचना –सुचना**

यस कार्यालयको आ.व.२०७४।०७५ को पशु सेवा तर्फको बार्षिक कार्यक्रम अनुसार मागमा आधारित कार्यक्रम रहेको हुदाँ तपशिल अनुसारको सिमारेखा भित्रका ईच्छुक व्यक्ति, कृषक समुह समिति, सहकारि तथा फर्म व्यवसायिहरुबाट दरखास्त आहवनको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको दिन देखी मङसिर २५ गते भित्रमा तोकिएकको ढाचाँमा तपशिल उल्लेखित विवरण सहितका आवेदन फाराम बडिकेदार गाउँपालिकाको कार्यालय,खड्ग्यौली, डोटीमा बुझउन जानकारी गराइन्छ । म्याद नाघि आएका आवेदन प्रति दर्ता गर्न कार्यालय बाध्य हुने छैन।

तपशिल:

१. तोकिएको ढाचाँमा मागको बिषय खुल्ने गरी आवेदन दिनुपर्नेछ ।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
३. जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि(लाल पुर्जा ।
४. समूह, समिति तथा सहकारी भएमा बैठकको निर्णयको प्रतिलिपि ।
५. सम्वन्धित वडा कार्यालयको पशुसेवा प्राविधिकको सिफारिस पत्र ।
६. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. फर्म, समुह समिति, सहकारी दर्ता भए दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
८. गत आ.व. मा जिल्लाबाट कुनै सहयोग पाएको भए सोको लिखितम जानकारी पत्र ।
९. अन्य (तालिम,विदेश जानलागेको वा विदेशबाट फर्किएको भए को र शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि)
१०. आवेदको योग्यता:
   क) १८ बर्ष उमेर भई ५० बर्ष ननाघेको ।
   ख) आवेदनमा माग गरिएको बिषयमा आवेदनकर्ताले सो कार्य गदै आएको भए प्राथमिकता हुनेछ
   ग) आवेदनमा माग गरिएको विषय प्रष्ट खुलाई, नाम ठेगाना र मोबाइल नम्बर राख्नु पर्नेछ ।
   घ) माग गरिएको विषयमा ५०% लागत स्वयम आवेदक कर्ताले व्यहोनु पर्नेछ ।
   ङ) माग गरिएको विषयमा कार्यक्रम अनुसारको रकम किस्ता किस्तामा उपल्बध गराइनेछ ।

**नोट: सम्भावित कार्यक्रमहरु**

- गोठ सुधार तथा निर्माण (गाईभैसी,भेडाबाख्रा ,कुखुरा,बङगुर)
- नश्ल सुधार (उन्नत साढे,रागो,बोका)
- डिपिङ स्याङ निर्माण
- साईलेज पिट निर्माण

सम्पर्क तथा अन्य जानकारीको लागि
शिवराज महतारा
पशु सेवा प्राविधिक :९८४३१९९९२५

केशबराज भट्टराई
कार्यकारी अधिकृत

Scanned by CamScanner